# प्रेस विज्ञप्ती

आज मिति २०८१ असाढ २७ गते तोकिएको राष्ट्रिय सभाको कार्यव्यवस्था परामर्श समितिको बैठकमा अधिकांस सदस्यहरुको असहमतिको बावजूद पनि अचानक राष्ट्रिय सभाको बैठक स्थगित भएको विषय प्रति हाम्रो गम्भिर ध्यान आकर्षण भएको छ। आषाढ २३ गते नै नियमित कार्यसूचिमा आएका आर्थिक विद्येयक २०८१, राष्ट्र ऋण उठाउने विद्येयक २०८१, भन्सार महशुल सम्बन्धि विद्येयक २०८१ लाई पारित गर्नु पर्नेमा अर्थ मन्त्रीको गलत मनसायका कारण आज २७ गते तोकिएको राष्ट्रिय सभाको बैठकमा मा. अर्थ मन्त्रीको अनुपस्थिती भन्दै राष्ट्रिय सभाको अध्यक्षले राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने हामि तपशिलका दलहरुको असहमतिका बाबजूद पनि बैठक स्थगित गर्नु भएको छ । मा. अर्थ मन्त्री वर्षमान पुनले आयकर ऐन २०५८ को दफा ५७ को उपदफा १ मा प्रतिबन्धात्मक प्राबधान राखि आर्थिक विद्येयक २०८१ को दफा ३६ को उपदफा ६ मा मुलुकलाई गम्भिर असर पार्ने गरी अरबौंको राजश्व छली हुने प्राब्धान राखेको र राष्ट्रिय सभाबाट उक्त प्रतिबन्धात्मक वाक्यांश हटाई पहिलेकै व्यवस्था कायम  रहने गरि संशोधन सुझाव राखेकोमा मन्त्रीले नीतिगत भ्रष्टाचार गर्न लागेको पोल खुल्ने भएपछि मन्त्री बैठकमा नै नआउने र आर्थिक वर्ष २०८१ को बजेट सँग सम्बन्धित आश्रित विद्येयकहरु फेल गर्ने र नेपालको संविधानको धारा १११ र राष्ट्रिय सभा नियमावलीको व्यवस्था अनुसार राष्ट्रिय सभामा छलफल गर्न नदिने र १५ दिन पछि प्रतिनीधिसभा बाट स्वत पारित गराई आफ्नो अभिष्ट पुरा गर्ने उद्धेश्य रहेको हामिले महशुस गरेका छौं । यसबाट राष्ट्रिय सभाले विद्येयकहरुमा आफ्नो सुझाव र संशोधन राख्न पाउने संवैधानिक र कानूनी अधिकार समेत हनन भएको छ।  यस प्रकारको क्रियाकलाप प्रति हाम्रो गम्भिर असहमति रहेको हुँदा यस्तो गैह्र जिम्मेवार र गैह्र राजनीतिक क्रियाकलापको हामि घोर भर्त्सना गर्दछौं ।

तपशिल :

भगवती न्यौपाने ( प्रमुख सचेतक नेकपा (एमाले) राष्ट्रिय सभा)

कृष्ण बहादुर रोकाय ( प्रमुख सचेतक नेपाली कांग्रेस)

मृगेन्द्र कुमार सिंह ( दल नेता जन्ता समाजवादी पाटी)

शेखर कुमार सिंह ( दल नेता लोकतान्त्रिक समाजवादी पाटी नेपाल)